संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय - जाइका प्राविधिक सहयोग
शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण (जाइका कोमक्याप - २)

# जाइका कोमक्याप - २ जानकारी-पत्र

अंक २ जुन, २०१६ (आषाढ, २०७३)

## सामुदायिक मेलमिलाप नीति तथा निर्देशिका तर्जुमाका लागि सहयोग

नेपालमा विभिन्न संस्थाहरूले दातृनिकायहरूको सहयोगमा सन् २००१ देखि केहि गाविस तथा नगरपालिकाहरूमा सामुदायिक मेलमिलापसम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका छन् । अहिले यस्ता कार्यक्रम/परियोजनाहरू मार्फत ३१ जिल्लाका छानिएका गाविस तथा नगरपालिकाहरूमा सामुदायिक मेलमिलाप सेवा सञ्चालनमा रहेको छ । मेलमिलाप परिषदले प्रत्यायोजन गरेअनुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सामुदायिक मेलमिलापलाई सरकारी संयन्त्रभित्र आन्तरिकीकरण गर्ने प्रकृयामा रहेको र यो सेवालाई स्थानीय निकायहरूबाट प्रवाह गर्ने नियमित सेवाको रुपमा समावेश गर्ने प्रकृयामा रहेको छ । यस सिलसिलामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सामुदायिक मेलमिलाप कार्यक्रम संचालनमा समन्वय गर्न तथा यसको संस्थागत विकासका लागि सामुदायिक मेलमिलापसम्बन्धी नीति तथा निर्देशिका तर्जुमा एवं स्वीकृतिका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा जाइका कोमक्याप - २ ले २०७३ बैशाख १० गते सामुदायिक मेलमिलाप नीति तथा निर्देशिकाको प्रारम्भिक मस्यौदामा छलफल गर्न सम्बन्धित सरोकारवालाहरूको परामर्श बैठक आयोजना गरिएको थियो । यो बैठकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका अधिकारीहरू; कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सहसचिव; मेलमिलाप परिषद सचिवालय प्रमुख; जाइका प्रतिनिधिहरू; सामुदायिक मेलमिलाप कार्यक्रम सञ्चालन गर्ने गैर सरकारी संस्थाका प्रतिनिधिहरू; सामुदायिक मेलमिलापकर्ता समाजका अध्यक्ष तथा जाइका कोमक्याप -२ का कर्मचारीहरूको सहभागिता रहेको थियो ।

बैठकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव तथा जाइका कोमक्याप - २ का परियोजना निर्देशक श्री रेश्मीराज पाण्डेले सामुदायिक मेलमिलाप नीतिको परिकल्पना तथा सोही मन्त्रालयका उपसचिव एवं परियोजना व्यवस्थापक श्री बन्धुप्रसाद बास्तोलाले सामुदायिक मेलमिलाप सञ्चालन निर्देशिकाको प्रारम्भिक प्रतिवेदन प्रस्तुत् गर्नुभएको थियो ।

यो परामर्श बैठक पश्चात संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशिका तर्जुमासम्बन्धी थप कार्य गर्नका लागि एक कार्यसमूह निर्माण गऱ्यो । यो कार्यसमूहले परामर्श बैठकमा प्राप्त भएका सुझावहरूलाई समेत समायोजन गरी निर्देशिकाको मस्यौदालाई सुधार गऱ्यो ।

२०७३ जेष्ठ १७ मा जाइका कोमक्याप - २ तथा सामुदायिक मेलमिलापकर्ता समाज (सि.एम.एस.) को प्राविधिक सहयोगमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सामुदायिक मेलमिलाप कार्यान्वयन निर्देशिका तर्जुमासम्बन्धी केन्द्रस्तरीय सेमिनारको आयोजना गऱ्यो । सेमिनार नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीको अध्यक्षतामा आयोजना भएको थियो । सम्माननीय कार्यवाहक प्रधान न्यायाधिश एवं मेलमिलाप परिषदका अध्यक्ष बैद्यनाथ उपाध्यायको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव, मेलमिलाप परिषदका प्रथम अध्यक्ष एवं सर्वोच्च अदालतका पूर्वन्यायाधिश गिरिशचन्द्र लाल साथसाथै सर्वोच्च अदालत, सम्बन्धित मन्त्रालय, मेलमिलाप परिषद, दातृ निकाय एवं गैरसरकारी संस्थाजस्ता केन्द्रीयस्तरका सरोकारवालाहरूको सहभागिता रहेको थियो । कार्यक्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङले सबै सहभागीहरूलाई स्वागत गर्दै सामुदायिक मेलमिलापको संस्थागत विकासका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गरेका प्रयासहरूका बारेमा प्रकाश पार्नुभएको थियो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव श्री रेश्मीराज पाण्डेले सामुदायिक मेलमिलाप सञ्चालन कार्यविधिको मस्यौदाका प्रमुख विशेषताका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतिपश्चात निर्देशिकालाई अन्तिम रुप दिनका लागि कार्यक्रमका अध्यक्ष, प्रमुख अतिथि, अतिथिहरू तथा अन्य सहभागीहरूबाट अमूल्य सुझावहरू प्राप्त गरिएको थियो । कार्यक्रम संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव श्री बन्धुप्रसाद बास्तोलाले सञ्चालन गर्नुभएको थियो ।

मन्त्रालयले केही समयमै यस कार्यक्रममा प्राप्त सुझावहरूलाई समावेश गरी निर्देशिका स्वीकृतिका लागि अन्तिम रुप दिने छ ।



सामुदायिक मेलमिलाप सञ्चालन निर्देशिका तर्जुमाका लागि सेमिनार

## यस अंक भित्र


- सामुदायिक मेलमिलाप नीति तथा निर्देशिका तर्जुमाका लागि सहयोग
- महोत्तरी जिल्लामा सामुदायिक मेलमिलाप कार्यान्वयनको अनुगमन
- तेश्रो मुलुकको अवलोकन भ्रमण
- सामुदायिक मेलमिलापसम्बन्धी प्रशिक्षक प्रशिक्षण उच्च तालिम सम्पन्न
- संयुक्त समन्वय समिति र परियोजना समीक्षा समितिको बैठक सम्पन्न
- सामुदायिक मेलमिलाप केन्द्रहरूको संयुक्त अवलोकन तथा अनुगमन भ्रमण सम्पन्न
- जाइका कोमक्याप - २ का लागि जिल्लाहरूको छनोट

# महोत्तरी जिल्लामा सामुदायिक मेलमिलाप कार्यान्वयनको अनुगमन

जाइका कोमक्याप - २ ले २०७२ फाल्गुण १२ देखि २१ सम्म महोत्तरीमा विगतमा कोमक्याप परियोजनाले सहयोग गरेका गाविस तथा हालसालै गठन भएका नगरपालिकाहरूका वार्डहरूमा सामुदायिक मेलमिलाप कार्यान्वयनको अनुगमन सम्पन्न गरेको छ । कोमक्याप परियोजनाले सहयोग गरेका प्रत्येक गाविस तथा नगरपालिकाका वडाहरूमा एक-एक दिने कार्यक्रम आयोजना गरिएको र कार्यक्रममा मोन्टबेल कम्पनीबाट जाइका नेपाल कार्यालय मार्फत प्राप्त सामुदायिक मेलमिलापकर्ताहरूको ज्याकेट पनि हस्तान्तरण गरिएको थियो । यस्तै किसिमको अनुगमन कार्यक्रम सिन्धुली जिल्लामा गत पौष महिनामा सञ्चालन गरिएको थियो ।


सामुदायिक मेलमिलापकर्ताहरु : मोन्टबेलले उपलब्ध गराएको मेलमिलापकर्ताको ज्याकेटमा

कार्यक्रममा गाविस सचिवहरू, नगरपालिका प्रमुखहरू, नगरपालिकाका सामुदायिक मेलमिलाप कार्यक्रम लागु भएका एकिकृत वडा कार्यालयका सचिवहरू (सामुदायिक मेलमिलाप संयोजकहरू), सामुदायिक मेलमिलापकर्ताहरू, स्थानीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरू साथै केही स्थानीय बासिन्दाहरूको उपस्थिती रहेको थियो । केही गाविसहरूमा सामुदायिक मेलमिलाप कार्यान्वयनको अवस्थाको बारेमा जानकारी प्राप्त गर्नका लागि जाइका प्रतिनिधिहरू तथा जाइका कोमक्याप - २ परियोजनाका जापानी विज्ञहरूको पनि सहभागिता रहेको थियो ।

समीक्षा बैठकहरूमा प्रत्येक सहभागीहरूले समुदायस्तरका विवाद जित-जितको अवस्थामा समाधान गर्नका लागि सामुदायिक मेलमिलाप सेवा प्रभावकारी रहेको विचार व्यक्त गरे । यति हुँदाहुँदै पनि धेरैजसो सामुदायिक मेलमिलाप केन्द्रहरूमा विशेष गरी उनीहरूको क्षेत्रमा यो कार्यक्रमप्रतिको अपनत्व एवं मार्गदर्शनको कमीका कारण सामुदायिक मेलमिलाप सेवाको प्रभावकारिता कम रहेको पाइयो । बैठकहरूमा उनीहरूका स्थानीय निकायहरू मार्फत सामुदायिक मेलमिलाप कार्यक्रमलाई प्रभावकारी बनाउन तथा यो सेवालाई दिगो बनाउनका लागि विभिन्न सरोकारवालाहरूका लागि सुझाव/पृष्ठपोषण संकलन गरिएको थियो ।

# तेश्रो मुलुकको अवलोकन भ्रमण

केन्द्रीयस्तरका सरकारी समकक्षीहरूका लागि जाइका कोमक्याप -२ ले श्रीलंकाको एकहप्ता लामो अवलोकन भ्रमणको आयोजना गऱ्यो । भ्रमणको उद्देश्य श्रीलंकामा सामुदायिक मेलमिलाप कार्यान्वयनको अवलोकन गर्ने र प्राप्त ज्ञान नेपालमा सामुदायिक मेलमिलापलाई संस्थागत गर्न तथा सामुदायिक मेलमिलाप सेवालाई देशभरि प्रसार गर्नका लागि उपयोग गर्ने रहेको थियो । चौध सदस्यीय नेपाली भ्रमण टोलीको अगुवाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिवले गर्नुभएको थियो । टोलीका अन्य सदस्यहरूमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिवहरू तथा शाखा अधिकृत; कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय एवं शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सहसचिवहरू; स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका निर्देशक, जाइका नेपाल कार्यालयका प्रतिनिधि र जाइका कोपक्याप - २ का सदस्यहरू रहेका थिए । भ्रमण २०७३ फाल्गुण २३ देखि २९ सम्म आयोजना गरिएको थियो ।

भ्रमण टोलीले श्रीलंकाका सामुदायिक मेलमिलाप कार्यक्रम सञ्चालनमा सम्बद्ध जाफ्ना सोसल एक्सन सेन्टर, जाफ्ना डिष्ट्रिक्ट सेक्रेटेरिएट, जाफ्ना डिविजनल सेक्रेटेरिएट, मिनिष्ट्रि अफ प्रोभिन्सिएल काउन्सिल एण्ड लोकल डेभलपमेन्ट, द एसिया फाउण्डेशन, मेडिएशन बोर्ड कमिशन तथा मिनिष्ट्रि अफ ल एण्ड जष्टिस लगायतका विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको भ्रमण गरी ती संस्थाहरूका अधिकारीहरूसंग अन्तरक्रियाबाट सामुदायिक मेलमिलापको दीगो सञ्चालनका लागि अनुभव हासिल गरेको थियो ।

भ्रमण टोलीले श्रीलंकामा मेडिएसन बोर्ड कमिसन (एमबिसि) मार्फत सामुदायिक मेलमिलाप प्रणाली प्रभावकारी रुपमा संस्थागत भएको पायो । यहाँ कानुन तथा न्याय मन्त्रालयले सामुदायिक मेलमिलाप कार्यान्वयनको व्यवस्थापन गरेको छ । देशभरमा २९९ सामुदायिक मेलमिलाप केन्द्रहरूको स्थापना र सञ्चालन भएका छन् । त्यहाँको सरकारले २,५०,००० रुपैयाभन्दा कम दावी भएको विवाद न्यायिक प्रकृयाको लागि अदालत जानुभन्दा पहिले अनिवार्य रुपमा सामुदायिक मेलमिलाप सेवा लिनुपर्ने प्रावधान राखेको छ ।

सामुदायिक मेलमिलापकर्ता तयार गर्न तथा उनीहरूको क्षमता अभिवृद्धिका लागि मेडिएशन बोर्ड कमिसनले तालिम दिने गर्दछ । यहाँ अधिकांश मेलमिलापकर्ताहरू सेवा निवृत्त सरकारी कर्मचारीहरूबाट छानिने गर्दछन् र उनीहरू आफ्नो सामाजिक पहिचानका लागि स्वयम्सेवी रुपमा मेलमिलापकर्ता भई कार्य गर्दछन् ।

भ्रमण टोलीका सदस्यहरूले यो भ्रमण सामुदायिक मेलमिलाप कार्यान्वयनको अनुभव हासिल गर्नका लागि महत्वपूर्ण भएको र आगामी दिनमा भ्रमणबाट सिकेका अनुभवहरूलाई नेपालमा सामुदायिक मेलमिलाप कार्यान्वयनको नीति तथा निर्देशिका तर्जुमा गर्न एवं सामुदायिक मेलमिलाप कार्यक्रमलाई अधिराज्यव्यापी बनाउन उपयोग गर्ने बताए ।


नेपाली भ्रमण टोली श्रीलंकाली अधिकारीहरूसंग

## सामुदायिक मेलमिलापसम्बन्धी प्रशिक्षक प्रशिक्षण उच्च तालिम सम्पन्न

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवं शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण (जाइका कोमक्याप - २) को संयुक्त आयोजनामा २०७२ चैत्र ३ देखि ७ सम्म पाँचदिने सामुदायिक मेलमिलाप तथा प्रशासनिक सेवासम्बन्धी प्रशिक्षक प्रशिक्षण उच्च तालिम सम्पन्न गरियो । यो आवासीय प्रशिक्षण धुलिखेलमा आयोजना गरिएको थियो ।

यो उच्च प्रशिक्षणको मुख्य उद्देश्य केन्द्रीयस्तरमा सामुदायिक मेलमिलापको श्रोतव्यक्तिहरू तयार गर्न केन्द्रीय सरोकारवालाहरूलाई सोसम्बन्धि विष्तृत ज्ञान हस्तान्तरण गर्ने तथा सामुदायिक मेलमिलापको संस्थागत विकास गरी यो सेवालाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत गाविस तथा नगरपालिकामार्फत देशव्यापी बनाउन र सामुदायिक मेलमिलाप कार्यक्रम व्यवस्थापनको प्रशासनिक संयन्त्र तयार गर्न सहयोग गर्नु रहेको थियो ।

पाँचजना महिलासहित २२ जना अधिकृतहरूको सहभागिता रहेको यो प्रशिक्षणमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका विभिन्न शाखाहरू; स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान; सर्वोच्च अदालत/मेलमिलाप परिषद; स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजिसिडिपि) का क्षेत्रीय समन्वय इकाईहरू; नेपाल प्रहरी लगायत शान्ति तथा पुननिर्माण मन्त्रालय; महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय जस्ता सम्बद्ध मन्त्रालयका सम्बन्धित अधिकारीहरूको प्रतिनिधित्व रहेको थियो ।

प्रशिक्षणलाई चारजना मुख्य सहजकर्ताहरूले निरन्तर रुपमा सहजीकरण गर्नु भएको थियो । केही सत्रहरू जाइका कोमक्याप -२ का परियोजना निर्देशक एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव श्री रेश्मीराज पाण्डे तथा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजिसिडिपि) का तत्कालिन कार्यक्रम व्यवस्थापक एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका तत्कालिन उपसचिव श्री इश्वर पौडेलले सहजीकरण गर्नुभएको थियो । प्रशिक्षणको पहिलो तीन दिनका लागि प्रशिक्षार्थीहरूलाई नमुना भूमिका अभिनय प्रदर्शन गर्न तथा सहभागीहरूलाई भूमिका अभिनयमा सहजीकरण गर्नका लागि कोमक्यापको पहिलो चरणमा सिन्धुली र महोत्तरीमा तयार गरिएका जिल्ला प्रशिक्षकहरूमध्येबाट तीनजनाले सहयोग गरेका थिए । प्रशिक्षणको समापनमा जाइका कोमक्याप - २ का परियोजना व्यवस्थापक श्री बन्धुप्रसाद बास्तोला तथा मुख्य सल्लाहकार श्री केनिचि तानाकाले प्रशिक्षण कार्यक्रममा सहभागीहरूको सक्रीय सहभागिताका लागि धन्यवाद दिँदै मुलुकमा सामुदायिक मेलमिलापको संस्थागत विकासका लागि सक्रीय भूमिका निर्वाह गरिदिनका लागि अनुरोध गर्नुभएको थियो । सहभागीहरूबाट सामुदायिक मेलमिलापको प्रवर्धनका लागि नीति निर्माण, सामुदायिक मेलमिलापसम्बन्धी तालिम/अभिमुखीकरण कार्यक्रमको व्यवस्थापन गर्ने र गाविस एवं नगरपालिकाहरूमा सामुदायिक मेलमिलाप सेवा विस्तार गर्नमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त भएको थियो ।


संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव उच्च तालिमको सत्र सञ्चालन गर्दै

## संयुक्त समन्वय समिति र परियोजना समीक्षा समितिको बैठक सम्पन्न

जाइका कोमक्याप - २ परियोजनाको व्यवस्थापनका लागि गठन भएको संयुक्त समन्वय समिति (जेसिसि) को पहिलो बैठक २०७३ आषाढ १५ मा सम्पन्न भयो । बैठक परियोजना निर्देशक तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव श्री रेश्मीराज पाण्डेको अध्यक्षता, जाइका नेपालका मुख्य प्रतिनिधि श्री जुन साकुमाको विशेष उपस्थिती र समितिमा प्रतिनिधित्व गर्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शान्ति तथा पुननिर्माण मन्त्रालय, जाइका नेपाल कार्यालय, स्थानीय विकास तथा सामुदायिक विकास कार्यक्रम (एलजिसिडिपि) तथा जाइका कोमक्यापका अधिकारीहरूको उपस्थितिमा मन्त्रालयको बैठक कक्षमा सञ्चालन भएको थियो ।

बैठकमा परियोजनाका टोली नेता श्री केनिचि तानाकाले परियोजनाको प्रगति प्रस्तुती तथा परियोजना खाका (Project Design Matrix, PDM) मा सुधार गर्ने प्रस्ताव गर्नुभएको थियो । प्रस्तुतिपश्चात् सहभागीहरूले


संयुक्त समन्वय समिति (जेसिसि) बैठकका सहभागीहरु

गाविस/नगरपालिकाहरूको बदलिएको संरचनालाई मध्येनजर गर्दै परियोजना खाकालाई सुधार गर्नका लागि सुझाव दिनुभएको थियो । बैठकमा सहसचिव श्री पाण्डेले जाइका कोमक्याप परियोजनाले सामुदायिक मेलमिलापलाई नेपालमा संस्थागत गराउनका लागि विशेष योगदान दिएको र आगामी क्रियाकलापहरू सञ्चालनमा पनि निरन्तर सहयोग प्राप्त हुने आशा व्यक्त गर्नुभयो । जाइका नेपालका मुख्य प्रतिनिधि श्री साकुमाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले परियोजनाको अपनत्व लिएकोमा धन्यवाद दिँदै परियोजना संचालनको लागि निरन्तर सहयोगको प्रतिवद्धता जाहेर गर्नुभयो ।

संयुक्त समन्वय समिति (जेसिसि) को बैठकपूर्व २०७३ ज्येष्ठ २७ गते परियोजना व्यवस्थापक श्री बन्धुप्रसाद बास्तोलाको अध्यक्षतामा परियोजना समीक्षा समितिको बैठक सम्पन्न भएको थियो । बैठकमा परियोजनाले हालसम्म सञ्चालन गरेका क्रियाकलापहरूको प्रगति तथा आगामी क्रियाकलापहरूका बारेमा छलफल गरिएको थियो ।

### जाइका कोमक्याप -२ः आगामी क्रियाकलापहरू

१. **परियोजनाका स्थानीय सरोकारवालाहरुका लागि अभिमुखीकरण**

२. **आधारभूत सामुदायिक मेलमिलाप तालिम सञ्चालन**

३. **गाविस/नगरपालिकामा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्ने**

४. **प्रचार-प्रसार सामाग्री उत्पादन**

# सामुदायिक मेलमिलाप केन्द्रहरूको संयुक्त अवलोकन तथा अनुगमन भ्रमण सम्पन्न

जाइका कोमक्याप - २ को सहजीकरणमा मेलमिलाप परिषदसंगको समन्वय अभिवृद्धि तथा स्थानीय निकायमार्फत सञ्चालित सामुदायिक मेलमिलाप पद्दतीका बारेमा जानकारी गराउनका लागि मेलमिलाप परिषद र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संयुक्त अवलोकन तथा अनुगमन टोलीले सिन्धुली र महोत्तरी जिल्लाका तीनवटा सामुदायिक मेलमिलाप केन्द्रहरूको भ्रमण सम्पन्न भएको छ । भ्रमण टोलीका सदस्यहरूलाई सामुदायिक मेलमिलाप केन्द्रले गरेको स्थानीय सामुदायिक विवाद समाधानको अभ्यास तथा सामुदायिक मेलमिलापकर्ताहरूको प्रयासका बारेमा जानकारी गराउनु समेत यो भ्रमणको उद्देश्य रहेको थियो । भ्रमण २०७२ चैत्र १८ देखि २० सम्म आयोजना गरिएको छ ।

भ्रमण टोलीमा सर्वोच्च अदालतका माननीय न्यायाधिश तथा मेलमिलाप परिषदका नवनियुक्त अध्यक्ष बैद्यनाथ उपाध्याय, मेलमिलाप परिषद सचिवालयका प्रमुख तथा सर्वोच्च अदालतका उपसचिव श्री अशोककुमार क्षेत्री, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव एवं जाइका कोमक्याप -२ का परियोजना व्यवस्थापक श्री बन्धुप्रसाद बास्तोला तथा शाखा अधिकृत एवं जाइका कोमक्याप परियोजनाका फोकल पर्सन श्री जनकराज शर्मा सहभागी हुनुहुन्थ्यो । यस्तै सर्वोच्च अदालतको जाइका एससिसि परियोजनाका सातोको तोमिता (जाइका विशेषज्ञ) र सुधा काफ्ले (परियोजना अधिकृत) समेत भ्रमण टोलीमा समावेश हुनुहुन्थ्यो । जाइका कोमक्याप - २ का सदस्यहरूले भ्रमणको सहजीकरण गरेका थिए। भ्रमणका क्रममा सिन्धुली तथा महोत्तरी जिल्ला अदालतका माननीय न्यायाधिशहरू तथा महोत्तरीका स्थानीय विकास अधिकारीले समेत केही गाविसहरूमा


संयुक्त अनुगमन टोली सिन्धुलीको भद्रकाली गाविसमा

सञ्चालित सामुदायिक मेलमिलाप केन्द्रहरूको अवलोकन गर्नुभएको थियो ।

भ्रमणका क्रममा भ्रमण टोलीका सदस्यहरूलाई सामुदायिक मेलमिलापकर्ताहरू, गाविस सचिवहरू तथा विवादित पक्षहरूको समेत अनुभवका बारेमा जानकारी प्राप्त गर्ने अवसर मिल्यो । टोलीले सामुदायिक मेलमिलाप केन्द्रले राख्नुपर्ने रेकर्डहरूको अवलोकन गरी आवश्यक जानकारीहरूको रेकर्डलाई अझ व्यवस्थित गर्नका लागि सुझाव समेत दिएको थियो ।

अवलोकन तथा अनुगमन पश्चात भ्रमण टोलीका सदस्यहरूले सामुदायिक मेलमिलापलाई देशव्यापी बनाउनका लागि सामुदायिक मेलमिलाप नीति तथा कार्यान्वयन निर्देशिका तर्जुमा गर्नमा यो भ्रमणले स्थानीयस्तरको महत्वपूर्ण जानकारी उपलब्ध गराएको धारणा व्यक्त गर्नुभएको थियो ।

## जाइका कोमक्याप - २ का लागि जिल्ला छनोट

जाइका कोमक्याप - २ ले गरेको आधारभूत सर्वेक्षण तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिवको संयोजकत्वमा रहेको आधारभूत सर्वेक्षण सल्लाहकार समितिको निर्णयका आधारमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तर्जुमा गर्ने सामुदायिक मेलमिलाप पद्दतीको शुरुवात गर्नका लागि मोरङ्ग, धनुषा तथा तनहुँ जिल्ला छनोट गरेको छ । यी जिल्लाहरूमा जाइका कोमक्याप - २ को सहयोगमा मन्त्रालयको सामुदायिक मेलमिलाप नीति तथा निर्देशिका कार्यान्वयनको लागि केही नमुना गाविस तथा नगरपालिकाहरूको छनोट गरी सामुदायिक मेलमिलाप कार्यक्रम सञ्चालन गरिने छ ।

### सामुदायिक मेलमिलाप प्रकृया




परियोजना तथा जानकारी-पत्रका बारेमा सम्पर्कका लागि

**शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण**

**(जाइका कोमक्याप -२)**

काठमाण्डौ - ११, थापाथली, नेपाल, फोन/फ्याक्स: +९७७ - १ - ४१०२११६